




The Rufford Small Grants for Nature Conservation www.rufford.org/rsg

IUCN The World Conservation Union

Concepts & Publiced by: Achyut Aryal
Himalayan Musk Deer Conservation Project, BRTF
Email: savefauna@yahoo.com
Art & Designing: Ramesh Shrestha, Pokhara, 9846022446.
Computer: Ashess / 2006.

<u>कस्तुरी मृग</u>

***<u>Moschus Chroysogastor</u>***




**_Published By: Achyut Aryal_**

*Himalayan Musk Deer Conservation Project, BRTF, P.O.Box-299, Pokhara, Nepal.*

*Email:* savefauna@yahoo.com

## परिचयः (Introduction)

मृग प्रजाती मध्येको हिमाली भेगमा बस्ने सबैभन्दा खतरामा परेको मृग कस्तुरी मृग हो । यो हिमाली भेगको २७०० मि. देखि ४५०० मी उचाई सम्म पाइन्छ । यो भोजपत्र, ठिंगुरे सल्ला, र धुपीको जंगलमा बस्छ । यसको भालेको नाबीमा रहेको थैलीलाई विना भनिन्छ र यसको लागि कस्तुरी मृगलाई मार्ने गरिन्छ । कस्तुरी मृगको भालेमा रहेको विनाको मुल्य विश्व



फाटोः कस्तुरी मृगको बासस्थान भोजपत्रको बन

बजारमा निकै उच्च छ । त्यसैले गर्दा यसको चोरी शिकारी तिब्र रुपमा भएकोले यसको संख्यामा कमी आई खतरामा परेको छ ।

## कस्तुरी मृगको विना (Musk Pod):

भाले कस्तुरी मृगको पेटको नाभीमा हुने थैलीलाई कस्तुरीको विना भनिन्छ । यस थैलीभित्र बास्नादार पदार्थ हुन्छ । त्यस विनाको साई ३०-४५ ग्राम सम्म हुन्छ भने अन्तर्राष्ट्रिय बजारमा यसको मुल्य उच्च छ र प्रति कि.ग्रा. ४५,००० US डलर पर्छ । यसले गर्दा अवैध रुपमा धराप, पासो, धाव हाल्ने जस्ता विविध तरिकाले मार्ने तथा बन जंगलमा कस्तुरी मृगलाई मार्न राखिएका पासो वा धरापमा परि अन्य जनावरहरु पनि नियमित मर्ने गरेको पाईन्छ ।

## विनाको प्रयोग र यस सम्बन्धी जानकारीः (Use of Musk Pod and related information):

१. कस्तुरीको विना अत्तर, सुगन्धित तेल र साबुन बनाउन प्रयोग गरिन्छ ।

२ पूर्वीय धवाईहरुमा समेत विनाको प्रयोग गरिन्छ, यसको औषधी ज्यादै महङ्गो हुन्छ ।

३. कस्तुरीको दाह्रलाई मलक बनाई लगाउने गरिन्छ ।

४. विना आयुर्वेद युनानी र तिब्बती औषधीमा घरायसी रुपमा अत्यधिक प्रयोग गरिन्छ ।

५. विना थैलोमा थैलोबाट निकालेर धुलोको रुपमा वा तरलको रुपमा अवैध विक्री वितरण गर्ने गरेको पाईन्छ ।

६. विनाको थैलो अण्डाकार, गोलाकारमा र अलिकति चेप्टो आकारको हुन्छ ।

७. खैरो पहेंलो ढाकेको उल्लेखित आकारका थैलो भित्र विना रहन्छ ।

## कस्तुरी मृगको अबस्था (Status and distribution)

यो संसारको मध्य र उत्तरपूर्वी एशियाको हिमाली भेगका विभिन्न राष्ट्रहरु चिन, नेपाल, भारत, पाकिस्तान, एशिया, अफगानिस्तान र कोरियामा पाईन्छ। नेपालको हिमाली भेगमा रहेका सबैजसो संरक्षीत क्षेत्रमा यो पाईन्छ । सगरमाथा राष्ट्रिय निकुञ्ज, लामटाङ्ग राष्ट्रिय निकुञ्ज, रारा राष्ट्रिय निकुञ्ज तथा अन्नपूर्ण र मनासालु संरक्षण क्षेत्रमा यो पाईन्छ । यसको संख्याको पूर्ण अनुसन्धान नभएकोले यसको संख्या नेपालमा कति छ भनेर अनुमान गर्न गाह्रो छ भने तत्कालै Aryal, A. 2005 को मनाङ्ग र पिसाङ्ग गा.वि.स.मा गरिएको अनुसन्धानको आधारमा नेपालको अन्नपूर्ण संरक्षण क्षेत्रको ती गा.वि.स.मा कस्तुरी मृग 4 individual/sq.km भएको अनुमान गरिएको छ ।

**कानुनी अवस्था (Legal Status)**: यो नेपालको राष्ट्रिय निकुञ्ज तथा बन्य जन्तु संरक्षण ऐन २०२९ ले अनुसुचि १ मा राखेको छ । साइटिसले पनि अनुसुचि १ मा राखेको छ भने IUCN को Red data list मा Vulnerable यसको Categories मा राखिएको छ ।



फाटोः कस्तुरी मृगलाई मार्न प्रयोग गरिने पासो

## बनावट (Morphology):

उचाईः ०.५ देखि ०.६ मी. (काखमा)
तौलः १०-१८ कि.ग्रा.



फाटोः कस्तुरी मृगको अङ्ग सहीत शिकारीले कस्तुरी मृग मार्न प्रयोग गरेका समान पासो तथा बन्दो बस्थीका समान

यसको सिङ्ग हुँदैन यसको Upper Canine teeth लामो भई बाहिर निस्केको हुन्छ । पछाडिको खुट्टा भालेको पोथीको भन्दा अलि ठूलो हुन्छ । यो Solitary behavior भएको जनावर हो । यसले प्राय जसो एकै ठाउँमा दिसा गर्छ ।

## अहारा / खाना(Food):

यसले हिमाली भेगमा हने रुख बिरुबाको पात खान्छ । हिउद रुख बिरुबामा भएको झयाउ खान्छ ।



फाटोः कस्तुरी मृगको खाना झयाउ

## प्रजनन (Reproduction):

यसको गर्भधारण अवधि १७८-१९८ दिन हुन्छ । पोथीले १८ महिना उमेर भएपछि बच्चा पाउन थाल्छ।

## संख्या घट्नुका कारणहरु

१. चोरी शिकारी २. बासस्थान विनास
३. अवैध ब्यापार



फाटोः कस्तुरी मृगको बसस्थानमा रुख काटि काठ बनाउदै

## संरक्षणका उपायहरु

१. यसको बासस्थान वरपर बन जंगल फडानी कम गरी स्थानीय बासिन्दालाई बैकल्पिक उर्जाका जस्तैः खाना पकाउने ग्यास, सुधारीएको चुलो, Solar Cooking, Heating Stove आदिको ब्यबस्था गर्नुपर्छ ।
२. स्थानीय स्तरमा कस्तुरी, मृग सम्बन्धी जानकारी तथा यसको महत्व बारे प्रचार प्रसार गरी जनचेतना जगाउनुपर्ने आवश्यक देखिन्छ ।
३. नेपाल सरकार तथा स्थानीय सरोकार वाला संस्थाद्धारा नियमित अध्ययन अनुसन्धान गर्नु आवश्यक देखिन्छ ।
४. जनसहभागितामूलक कस्तुरी मृग संरक्षण ब्यवस्थापन कार्ययोजना बनाई त्यसको कार्यन्वयनमा नेपाल सरकार तथा विभिन्न सम्बन्धित दातृ संस्था सम्बन्यन गरि त्यसको कार्यन्वयन गर्नु आवश्यक देखिन्छ ।
५. चोरी शिकार कम गर्न स्थानीय बासिन्दालाई चनाखो बनाई त्यस्तो कार्य गर्नेलाई स्थानीय स्तर लगाएत कानुनी तरिकाले कारवाही गर्नुपर्छ ।
६. कस्तुरी मृगको बासस्थानमा डढेलोको समस्या पनि देखिएको छ, यसलाई निरुत्साहित गरी प्रचार प्रसार गर्नु आवश्यक देखिन्छ ।
७. कस्तुरी मृगको क्षेत्रमा चरीचरण कम गर्नुपर्छ र हिमाली भेगको गोठ कस्तुरी मृगको वासस्थान तिर लान मनाही गर्नुपर्छ ।
८. विभिन्न क्षेत्रमा कस्तुरी मृगको बासस्थानलाई विशेष क्षेत्र बनाई त्यस क्षेत्रमा चरीचरण, जंगल फडानी गर्न निशेधित गर्नुपर्छ ।
९. स्कूल स्तरीय कस्तुरी मृग संरक्षण सम्बन्धी चित्रकला, निबन्ध तथा नृत्य प्रतियोगिता आयोजना गरी जनचेतना जगाई विद्याथीर्को दायित्व बारे जानकारी गराउने ।
१०. कस्तुरी मृगको पालन गरेर त्यसको संख्यामा बृद्धि गरी Wildlife tourism लाई प्रोत्साहन गर्नुपर्छ ।
११. चोरी शिकार गर्नेलाई कडा कारवाही गर्नुपर्छ।
१२. यसको संरक्षण अध्ययन अनुसन्धानमा योगदान दिने ब्यक्ति, संघ संस्था आदिलाई पुरस्कारको ब्यवस्था गरी त्यस क्षेत्रमा काम गर्न प्रोत्साहन गर्नुपर्छ

## नेपालमा मृग पालन तथा यस सम्बन्धी कानुनी ब्यवस्थाः

१. कस्तुरी मृग मार्ने ब्यक्तिलाई राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु ऐन २०५९ अन्तरगत १,५०,००० रुपैया सम्म जरिवाना वा १० बर्ष सम्म कैद वा दुबै हुन सक्छ ।

२. नेपाल सरकार राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु वन्यजन्तु पालन, प्रजनन तथा अनसन्धान कार्यनिति, २०६० अन्तरगत मृग पालनका लागि सो को नियम अनुसार वन्यजन्तु पालनको लागि नियम अनसारको राजश्व दस्तुर तथा बिउ प्राणी बापतको दस्तुर बुझाए पछि मृग पालन गर्न पाईन्छ ।

## Further Information:

IUCN, Nepal
DNWC,
Himalayan Musk Deer Conservation Project/The Biodiversity Research and Training Forum (BRTF), P.o.Box-299, Pokhara, Nepal.
Email: savefauna@yahoo.com